Food and Agriculture Organization of the United Nations

# परागसेची कीटहरु कसरी पहिचान गर्ने ?









# मौरी कसरी पहिचान गर्ने ?

***निम्न कुराहरु भए नभएको खोजी गर्नुहोस्:***



- **शरीर आकार-** शिव-डमरुको झैं कम्मर छिनेको, पेट र छाती रम्भाकार (Cylindrical ढुंग्रो आकार) भएको ।
- **खुट्टा वा पेटमा कुट (पराग) वसार्ने रौंहरुको डेली-** (वास्केट) (धेरै पोथीहरुको) भएको ।



- **लामो एन्टीना (सिंग)-** अक्सर कुहिना आकारको भएको ।
- **आँखा-** लामो अण्डाकारका आँखाहरु मुखाकृति (अनुहार) को छेउमा, र प्राय कालो आकारको भएको ।



- **पखेटाहरु-** दुई जोडी पखेटाहरु अक्सर बसेको वेला पिठ्यूमाथि भएको र शरीर भन्दा छोटो भएको ।
- **शिर-** त्रिकोणाकार, वा आँशुको थोपाको आकारको भएको ।

यी सबै गुणहरु विशिष्ट उदाहरण हुन् र सामान्यतया सबैका अपवाद पनि छन् ।

# झिंगा कसरी पहिचान गर्ने ?

***निम्न कुराहरु भए नभएको खोजी गर्नुहोस्:***



- **आँखाहरु-** ठूला गोलाकार र अनुहारको धेरै अधिक भाग ढाकेको ।
- **छोटो एन्टीना-** प्रायः हेर्न खोज्न गाह्रो ।



- **शरीर आकार-** प्रायः दृढ (बलियो) र कम्मर प्रष्टसंग नदेखिने ।
- **पखेटाहरु-** एकजोडी मात्र, प्रायः शरीर भन्दा लामो, बसेको बेला ४५ डिग्री कोणमा (पखेटा मोडेर) कायम राख्ने गरेको ।



- **शिर-** गोलाकार, बृहत (ठूलो) भएको ।
- **अन्य:** मौरीहरु तथा अरिङ्गालहरुका जस्तै नक्कली रुप, अनुहार बनाउने गरेका केही जीवहरु ।

यी सबै गुणहरु विशिष्ट उदाहरण हुन् र सामान्यतया सबैका अपवाद पनि छन् ।

# अरिङ्गाल कसरी पहिचान गर्ने ?

***निम्न कुराहरु भए नभएको खोजी गर्नुहोस्:***



- **शरीर आकार-** अक्सर लामो र पातलो, प्रस्ट कम्मर छिनेको, उडेको बेला खुट्टाहरु झुण्डेको
- **आँखाहरु-** लामा अण्डाकार, टाउकोको छेउमा कहिले काही खोपिल्टो भएको वा किनारा नभएका खाडल आँखा भएको ।



- **लामो एन्टीना (सिंग) भएको**
- **पखेटाहरु-** प्रायः लामो तथा पातलो सामान्यतया शरीर भन्दा छोटो र २ जोडी पखेटाहरु भएको ।



- **शिर-** त्रिकोणाकार वा आंशुको थोपाको आकारको भएको ।
- **अन्यः** केही अरिङ्गालहरुमा देखिने फुल पार्ने अंग भएको ।

यी सबै गुणहरु विशिष्ट उदाहरण हुन् र सामान्यतया सबैका अपवाद पनि छन् ।

# पुतलीहरु कसरी पहिचान गर्ने ?

***निम्न कुराहरु भए नभएको खोजी गर्नुहोस्:***

- **पखेटाहरु-** बस्दाखेरी शरीर माथि ठाडो कायम राखिन्छ (टेन्ट आकारका हुन्छन्) ।
- **एन्टीना (सिंग)-** यसको आखिरमा एउटा नब (गाँठो) हुन्छ ।
- **सामान्यतया चमकिला रंगका हुन्छन् ।**
- **साधारणतया यिनीहरु दिउँसो उडने गर्दछन् ।**





# रात्रीचर पुतलीहरु (मथहरु) कसरी पहिचान गर्ने ?



***निम्न कुराहरु भए नभएको खोजी गर्नुहोस्:***

- **पखेटाहरु-** बस्दाखेरी पखेटाहरु तेर्सो पारेर शरीर माथि अवस्थित गरी राखेको हुन्छन् ।
- **एन्टिनी-** सरल तथा प्वांखयुक्त हुन्छन् र एउटा मसिनो बिन्दुमा अन्त्य हुन्छन् ।
- सामान्यतया यिनीहरु **फुस्रा वा ईन्द्रधनुषी** रंगका हुन्छन् ।
- साधारणतया **रात्रीचर पुतलीहरु राती उड्ने** गर्दछन् ।

यी सबै गुणहरु विशिष्ट उदाहरण हुन् र सामान्यतया सबैका अपवाद पनि छन् ।

## खपटेहरु कसरी पहिचान गर्ने ?

***निम्न कुराहरु भए नभएको खोजी गर्नुहोस्:***



- **प्राय: गोलाकारदेखि अण्डाकार शरीरको आकार हुन्छ ।**
- **अगाडिका पखेटाहरु (इलाइट्रा) कडा** हुन्छन् पछाडिको पखेटाहरु अक्सर लुकेका हुन्छन । यी पछाडिका पखेटाहरु नै उड्नको लागि प्रयो ग गरिन्छन् ।
- **एन्टिनाहरु देख्न सकिने** हुन्छन तर विभिन्न थरिका लम्बाई तथा आकारहरुका हुन्छन् ।
- **मुखांगहरु चपाउने खालका हुन्छन् ।**
- **समान्यतया छोटो दूरीका उडानहरु गर्ने गर्दछन् ।**
- बृहत किसिमका रंगहरु तथा **विभिन्न आकार** मापका हुन्छन् ।

## स्त्री स्वभावका खपटेहरु कसरी पहिचान गर्ने ?



***निम्न कुराहरु भए नभएको खोजी गर्नुहोस्:***

- **गुम्बज आकारको शारीरिक बनावट**
- **छोटो गदाकार (क्लब्ड) एन्टिनाहरु तथा छोटा खुट्टाहरु**
- **विभिन्न रंग तथा नमूनाका हुन्छन्**

यी सबै गुणहरु विशिष्ट उदाहरण हुन् र सामान्यतया सबैका अपवाद पनि छन् ।

# यूरोपियन मौरी कसरी पहिचान गर्ने ?

***निम्न कुराहरु भए नभएको खोजी गर्नुहोस्:***



- साधारणतया मौरीमा हुने विशेषताहरु हुने गर्दछ ।
- पछाडिका खुट्टाहरुद्वारा कुट (पराग) संकलन गर्ने गर्दछन्
- यसका रंगहरु सुनौलोदेखि लगभग कालोसम्म र हल्का रंगका धर्काहरुदेखि प्रष्ट रुपमा देखिने धर्काहरु भएका हुन्छन्
- रौं भएको आकृति हुन्छ, यिनका काला काला आँखा रैथाने मौरीहरु भन्दा ठूला हुन्छन् । यी मौरीहरु सामान्यरुपमा पाइन्छन् र बजींग (भुन भुन) आवाज निकाल्ने गर्दछन् ।

# निलो धर्सा भएका मौरी कसरी पहिचान गर्ने ?

***निम्न कुराहरु भए नभएको खोजी गर्नुहोस्:***



- मौरीका सामान्य गुण तथा विशेषताहरु भएको ।
- कालो पेटमा धर्साहरु (स्ट्राइप्स्) सामान्यतया निलो रंगको भएको, (तर अलिकति फिका रंगका वा सुन्तला रंगको) ।
- कुट पछाडिका खुट्टाहरुमा संकलन गरिन्छ ।
- रौंयुक्त आकृति, अलि बढी गोलाकार शरीर र सामान्य मौरीहरु भन्दा सानो भएको ।

यी सबै गुणहरु विशिष्ट उदाहरण हुन् र सामान्यतया सबैका अपवाद पनि छन् ।

# घुमक्कड झिंगाहरु कसरी पहिचान गर्ने ?



### *निम्न कुराहरु भए नभएको खोजी गर्नुहोस्:*

- विरुवाहरु माथि भौंतारिदै उडान गरी रहेको
- ठूला गोलाकार आँखाहरु जसले अनुहारको अधिकतम् भाग ढाक्दछन् । साना एन्टिना भएका ।
- अक्सर पहेलो तथा कालो रंगका तर रंग, बुट्टा र मापन स्पेसिस् अनुसार फरक-फरक हुन्छन् ।
- रौं रहित, पातला खुट्टाहरु, छेउबाट हेर्दा पेट थेप्चो देखिने ।

# अरिंगालहरु कसरी पहिचान गर्ने ?



### *निम्न कुराहरु भए नभएको खोजी गर्नुहोस्:*

- डाँठ झैं दह्रिलो, खंदिलो, पोटिलो आकारको जीउ, लगभग १५ एम.एम. लामो भएको ।
- रंग पहेलोमा काला चिन्हहरु, धब्बाहरु भएको ।
- रौं (वा झुस) रहित, काला एन्टिना, र पहेंला खुट्टाहरु भएको ।

***अन्य कीटहरु***

परागसेची जीवहरुका लागि फूलहरु अवलोकन गर्दा अन्य कीटहरु पनि देखा पर्न सक्छन् ।

***सन्दर्भ स्रोत:***

https://cdn.buglife.org.uk/2019/07/Pollinator-identification-chart.pdf
https://gacoast.uga.edu/wp-content/uploads/2020/08/2006-Pollinator-ID-Quick-Guide_PR.pdf https://wild-pollinatorcount.files.wordpress.com/2021/04/pollinators-nsw-ne-vic-2020_online.pdf https://www.floridamuseum.ufl.edu/wp-content/uploads/sites/37/2017/05/Native-Pollinators-SE.pdf

*थप जानकारीका लागि*
नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र
हरिहरभवन, श्रीमहल, ललितपुर, नेपाल
फोन नं.: ०१-५५२११५१, ५५५०२२६
इमेल: cdabc2018@gmail.com

Food and Agriculture Organization of the United Nations

**Project Name: Strengthening Agro-ecosystem Resilience for Climate Change Adaptation to Improve Food and Nutrition Security**
***(FAO/TCP/NEP/3701)***